कोशी प्रदेश सरकार

# प्रदेश लगानी प्राधिकरणको कार्यालय

विराटनगर, नेपाल

नयाँ लगानी प्रस्ताव आव्हान सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८३/०३/०८)**

"कोशी प्रदेश लगानी सम्मेलन २०२५" मा समझदारी भएको जिल्ला उदयपुर त्रियुगा नगरपालिका स्थित **"बरूवा विजनेश कम्प्लेक्स एण्ड बसपार्क"** परियोजना विकास गर्न प्रस्तावक श्री कमल बहादुर कार्की (ना.प्र.प.नं. ४३११०/३२२८०) सँग भएको समझदारीपत्र (MoU), आफ्नो व्यक्तिगत परिस्थितिजन्य कारणले गर्दा उक्त परियोजनामा लगानी नगर्ने व्यहोरा उल्लेख गरी, समझदारी खारेज गरिदिन अनुरोध गरेको र अन्य व्यक्ति/संस्था वा लगानीकर्ता मार्फत उक्त परियोजनामा लगानी गराउँदा भविष्यमा आफ्नो कुनै दाबी विरोध नरहने भनी मिति २०८३/०२/२२ को स्वघोषणा सहितको निवेदन यस कार्यालयमा पेश भएको हुँदा र सो सम्बन्धमा लगानी प्राधिकरणको ३३औ बैठकको निर्णय बमोजिम उक्त समझदारी रद्द गरिएको छ। तसर्थ  सार्वजनिक निजी सहकारी साझेदारी तथा लगानी प्राधिकरण ऐन, २०७६ र नियमावली, २०७७ अनुसार उक्त परियोजनामा सार्वजनिक निजी साझेदारी (PPP) अवधारणामा लगानी गर्न इच्छुक र सक्षम नयाँ लगानीकर्ताहरूलाई यो सूचना प्रकाशित भएको मितिले **१५ (पन्ध्र)** दिन भित्र  रीतपूर्वकको प्रस्ताव आव्हान गरिन्छ।

**नोट**ः उल्लिखित विषयमा थप जानकारीका लागि विराटनगर म.न.पा.-४, बरगाछी स्थित कार्यालयको ठेगाना वा कार्यालयको फोन नं.०२१-४७५१०० वा मो.नं.९८५२०३४१०३ मा सम्पर्क गर्नुहुन समेत अनुरोध गरिन्छ।

**प्रमुख कार्यकारी निर्देशक**